REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 16.11.2024

National Press Day

समाजमा स्वतन्त्र अनि जिम्मेवार पत्रकारहरूको महत्त्वपूर्ण भूमिकाको सम्मान गर्दै आज देशले राष्ट्रिय प्रेस दिवस पालन गऱ्यो। वर्ष १९६६-मा आजकै दिन प्रेसले उच्च मापदण्ड बनाइ राखोस अनि यसलाई अनुचित रूपमा प्रभावित पार्न वा धम्क्याउन नसकियोस् भन्ने कुराको सुनिश्चित गर्न भारतको प्रेस परिषदले नैतिक निगरानीकर्ताका रूपमा काम गर्न शुरू गरेको थियो। यस दिनले पत्रकारहरूको उपलब्धीलाई मात्र नभएर अधिक जानकारमूलक र पारदर्शि समाज निर्माणमा यसको जिम्मेवारीलाई सुदृढ़ पार्दछ।

यस वर्षको राष्ट्रिय प्रेस दिवसको विषय रहेको छ प्रेसको बदलिँदो स्वरूप।

--------------------------------------X--------------------------------------

NPD Sikkim

यता सिक्किम राज्यमा पनि राष्ट्रिय प्रेस दिवस भव्य रूपमा पालन गरियो। सूचना तथा जनसम्पर्क विभागको तत्वावधानमा राजधानीको मनन केन्द्रमा आयोजित समारोहमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ मुख्य अतिथि हुनुहुन्थ्यो।

यस अवसरमा समारोहको विषेश आकर्षण वाईएन भण्डारी उत्कृष्ट पत्रकारिता पुरस्कार यस वर्ष राज्यका एक वरिष्ठ पत्रकार श्री बब्बु तामाङलाई प्रदान गरियो। उहाँलाई पुरस्कारस्वरूप दोसल्ला, स्मृति चिन्हसहित दुई लाख रूपियाँ प्रदान गरियो।

यसरी नै मुख्यमन्त्री पुरस्कारमा मौसम परिवर्तनको मुद्दाका निम्ति पत्रकार श्री पंकज ढुङ्गेल, मानव अधिकारका निम्ति श्री दिपक गुरूङ अनि महिला मुद्दाका निम्ति श्री रेमोण्ड लेप्चालाई सम्मान जनाइयो। यसैक्रममा प्रेस क्लब अफ सिक्किमद्वारा वार्षिक रूपमा प्रदान गरिने ग्रामीण पत्रकारिता पुरस्कारले यो वर्ष सुशिल राईलाई सम्मान जनाइयो।

कार्यक्रममा मुख्यमन्त्रीको बाहुलीद्वारा प्रेस क्लब अफ सिक्किमलाई वार्षिक अनुदानको रूपमा पाँच लाख रुपियाँको चेक अनि वरिष्ठ पत्रकारहरूको कल्याणका लागि वार्षिक रूपमा दिइने अनुदान स्वरूप बीस लाख रुपियाँ प्रदान गरियो।

कार्यक्रममा निजी मिडिया च्यानजलका प्रमुखहरू श्री अभिजित मजुमदार र श्री सौरभ द्विवेदीले प्रेसको बदलिँदो स्वरूपमाथि वार्ता प्रस्तुत गर्नुभयो।

--------------------------------------X--------------------------------------

Literary Festival

सिक्किम राज्य स्थापनाको पचासौं वर्षगाँठको उपलक्ष्यमा छोरी बचाउँ छोरी पढ़ाउँ, नशामुक्त भारत, नशामुक्त सिक्किम जस्ता महत्त्वपूर्ण विषयहरूमाथि जोड़ दिँदै यस वर्ष पाकिम जिल्लाको आरिटारस्थित लामपोखरिमा पालन भइरहेको यस वर्षको साहित्यिक उत्सवको आजदेखि शुरूवात भयो। कृषि मन्त्री श्री पुरण कुमार गुरूङले पाकिम जिल्ला प्रशासनिक केन्द्रद्वारा आयोजना गरिएको दुई दिवसीय उत्सवको विधिवत उदघाटन गर्नुभयो।

विभिन्न प्रतियोगितात्मक गतिविधिका साथ शुरू भएको कार्यक्रममा मुख्य अतिथिले प्रदर्शनिका निम्ति राखिएका पुस्तक साथै स्वयं सहायता समूहहरूले राखेका विभिन्न विषयवस्तुहरूको अवलोकन गर्नुभयो।

कार्यक्रमको मुख्य आकर्षणको रूपमा विद्यार्थीहरू किन अधिक अध्ययन गर्न चाहँदैनन् अर्थात Why Don't Students Read More? भन्ने विषयमा राखिएको पेनल चर्चामा प्रतिभागिहरूले आ-आफ्ना विचारहरू राखे।

--------------------------------------X--------------------------------------

IBSD

जैव संसाधन तथा दिगो विकास संस्थान (IBSD)-ले जैव संसाधनबाट जैव अर्थव्यवस्था: विकसित भारतका लागि पूर्वोत्तर क्षेत्रका पारम्परिक संसाधनहरूको प्रवर्द्धनमाथि गान्तोकमा आयोजित अन्तरराष्ट्रिय सम्मेलनको आज समापन भयो। संस्थानको यस एघारौं सम्मेलनमा उपस्थित सिक्किमसहित देशका अन्य राज्यहरूबाट चालीसजना पारम्परिक चिकित्सकहरूले जैव अर्थव्यवस्था विकासका लागि जैव संसाधन र पारम्परिक ज्ञानलाई बढ़ावा दिनमा रहेको आफ्नो विशेषज्ञता उपस्थित मानिसहरूमाझ साझा गरे।

निदेशक प्राध्यापक पुलोक कुमार मुखर्जीले भारतको Society for Ethnopharmacology-को सहयोगमा उत्तरपूर्वी क्षेत्रमा पारम्परिक ज्ञान र जैव संसाधनको दस्तावेजीकरणमा रहेको संस्थानको पहलमाथि प्रकाश पार्नुभयो। उहाँले यस अवसरमा संस्थानबाट वार्षिक पुरस्कार प्राप्त गर्ने पारम्परिक चिकित्सकहरूलाई बधाई दिनुभयो।

---------------------------------------X---------------------------------------

DG CCRAS Visits RARI

भारत सरकारको आयुष मन्त्रालयअन्तर्गत आयुर्वेदिक विज्ञानमा अनुसन्धानका लागि केन्द्रिय परिषदका महानिदेशक प्राध्यापक डाक्टर रविनारायण आचार्यले आज क्षेत्रिय आयुर्वेदिक अनुसन्धान संस्थान, गान्तोकको भ्रमण गर्नुभयो। उहाँले जैव संसाधनदेखि जैव अर्थव्यवस्थाः विकसित भारतका लागि उत्तरपूर्वी क्षेत्रको पारम्परिक संसाधनको प्रवर्द्धनमाथि आयोजित अन्तरराष्ट्रिय सम्मेलनको उदघाटन समारोहमा भाग लिँदै आफ्नो सम्बोधन राख्नुभयो।

यस अवसरमा प्राध्यापक डाक्टर आचार्यले औषधीय विरूवा सर्वेक्षण एकाईको नवनिर्मित भवनको उदघाटन पछि आफ्नो सम्बोधन राख्ने क्रममा आयुर्वेदलाई अघि बढ़ाउनमा रहेको अनुसन्धानको महत्त्वपूर्ण भूमिकामाथि जोड़ दिँदै सिक्किममा स्वास्थ्य रेहचाहमा योगदान पुऱ्याएकोमा RARI-को गान्तोक टोलीको प्रशंसा गर्नुभयो। उहाँले संस्थानले पूर्वाधारको विकास र यस क्षेत्रमा आयुर्वेदको अभ्यासको प्रवर्द्धनमा गरेको प्रयासको सराहना गर्नुभयो।

---------------------------------------X---------------------------------------

NIT Convocation

राष्ट्रिय प्रौद्योगिकी संस्थान, सिक्किमको सातौं दिक्षान्त समारोह भोली राभाङलास्थित तथागतसल (बुद्ध पार्कमा)-मा पालन गरिनेछ। यस अवसरमा संस्थानबाट विभिन्न विषयमा आफ्नो अध्ययन पूरा गर्ने विद्यार्थीहरूलाई डिग्री प्रदान गरिनेछ।

राज्यपाल श्री ओमप्रकाश माथुरको मुख्य आतिथ्यमा सम्पन्न हुने समारोहमा अवकाशप्राप्त Air Chief Marshal श्री अरूप राहको विशेष उपस्थिति रहनेछ।

---------------------------------------X---------------------------------------

Sports

गोकुलम केरला फुटबल क्लब यहाँको पाल्जोर स्टेडियममा चलिरहेको चालीसौं अखिल भारत राज्यपाल स्वर्णकप अन्तरराष्ट्रिय फुटबल प्रतियोगिता २०२४-को सेमिफाइनलमा प्रवेश गर्ने प्रथम टोली बनेको छ। आज भएको पहिलो क्वार्टर फाइनल खेलमा विजयी टोलीले Transport United Football Club, Bhutan-लाई एकको विरूद्ध दुई गोल गरेर सफलता आफ्नो हात पाऱ्यो।

भोली दिउँसो दुई बजी हुने दोस्रो क्वार्टर फाइनल खेलमा गृह टोली गान्तोक Himalayan Sporting Club-को भिड़न्त KDN Football Club, Malaysia-सित हुनेछ।

---------------------------------------X---------------------------------------